*निर्णय नं.०१*

जिल्ला समन्वय समितिको कार्यालय,म्याग्दीको प.स.-०७५/०७६ च.न. ५६७ मिति २०७६।०३।०९ को पत्रबाट सुदिप निर्माण सेवा,राखुपिप्ले ९ ले 'घ' वर्गको निर्माण व्यवसायीको लाइसेन्स प्राप्त गर्ने उद्देश्यले अनिवार्य रुपमा पेश गर्नुपर्ने यन्त्र उपकरणको बीलबिजक पेश गर्दा नक्कली भ्याट बील संलग्न गरेको देखिएकाले नक्कली भ्याट बील प्रस्तुत गरी निर्माण व्यवसायीको इजाजत पत्र लिने उक्त निर्माण व्यवसायीको इजाजत पत्र रद्द गरी  जानकारी पठाउने भनी लेखिआएकाले सो निर्माण व्यवसायीको इजाजत पत्र रद्द गर्ने र सोको जानकारी सम्वन्धित निकायमा पठाउने ।

निर्णय नं.०२

नेपाल टेलिकम,दुरसंचार कार्यालय,बागलुङ को पत्र संख्या:०७६।०७७ चलानी नं.३० मिति २०७६।०४।०९ को पत्र वैठकमा छलफल भयो । सो पत्रमा उल्लेखित टेलिफोन नम्वर तथा ग्राहकको नाम समेत यकीन गरी सो सम्वन्धमा वास्तविकता बुझी यथाशिघ्र सम्वन्धित वडा कार्यालयबाट राय माग गर्ने र राय प्राप्त भएपश्चात आगामी कार्यपालिका वैठकबाट आवश्यक निर्णय गर्ने ।

निर्णय नं.०३

गाउँपालिका क्षेत्रभित्र संचालन हुने मेला तथा महोत्सवको अनुमती दिने क्रममा गण्डकी प्रदेशको आर्थिक ऐन,२०७६ अनुसूची-३ बमोजिम व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सवमा मनोरञ्जन कर वापत रु ५ हजार गाउँकार्यपालिकाको कार्यालयले कर वापत संकलन गर्ने ।

निर्णय नं.०४

मिति २०७६।०३।२० गतेको कार्यपालिकाको वैठकबाट स्वीकृत भएको रघुगंगा गाउँपालिकाको प्रथम पञ्चबर्षिय योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)  नेपाल सरकार,प्रदेश सरकार र सर्वसाधारणको जानकारीका लागि प्रकाशन तथा सार्वजनिकरण गर्ने ।

निर्णय नं.०५

रघुगंगा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७५ को नियम १३८(९) वमोजिम गाउँपालिका क्षेत्रभित्र आय ठेक्का बन्दोवस्त गरेका क्षेत्रमा मापदण्ड विपरित उत्खनन गरेको तथा प्रारम्भिक वातावरणीय परीक्षण नगरेका क्षेत्रमा समेत नदीजन्य पदार्थको उत्खनन गरेको पाईएकोमा  प्राविधिक तथा अनुमगन समितिको प्रतिवेदनका आधारमा गाउँकार्यपालिकाको निर्णय वमोजिम जरिवाना असूलउपर हुन वाँकी सम्वन्धित पक्षलाई पुन:ताकेता गर्ने र कार्यपालिकाको निर्णय बमोजिमको जरिवाना असूलउपर गर्न सम्वन्धित निकायमा समन्वय गर्ने ।

निर्णय नं.०६

गाउँपालिका भित्र देहायबमोजिमका ठाउँ हरुमा रघुगंगा गाउँपालिका भित्रका नागरिकहरुलाई मात्र आय ठेक्का वन्दोवस्तमा सहभागि हुन पाउने  गरी तपशीलका शर्तहरुमा रही रघुगंगा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७५ को परिच्छेद-१२ वमोजिम आय ठेक्का बन्दोवस्त गर्ने ।

| ठेक्का सि.न. | ठेक्का नाम | विवरण | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १ | दर्मिजा तातोपानी कुण्डमा प्रवेश शुल्क | प्रवेश शुल्क:प्रति व्यक्ति प्रति पटक रु ५० र दश दिन सम्मको लागि एकमुष्ट रु२५०।- र विदेशी नागरिकका लागि दोव्वर प्रवेश शुल्क लाग्ने । | रु ६० हजार मात्र । | कर वाहेक |

| | | | | |
|---|---|---|---|---|
| २ | भगवती भ्यूटावरमा क्यान्टिन संचालन तथा प्रवेश शुल्क संकलन । | प्रवेश शुल्क:प्रति व्यक्ति प्रति पटक रु ५० र विदेशी नागरिकका लागि दोव्वर प्रवेश शुल्क लाग्ने । | रु एक लाख विस हजार रुपैया मात्र । | कर वाहेक । |
| ३ | पिप्लेको तिल्केनी सटर भाडामा लगाउने । | प्रत्येक वर्ष भाडामा १० प्रतिशत वृद्धि गर्ने । | रु एक लाख असी हजार रुपैया । | कर वाहेक । |

निर्णय नं.०७

आर्थिक वर्ष २०७५।०७६ को वार्षिक समिक्षा वडा कार्यालयले सरोकारवालाहरुलाई सहभागिता गराई सम्वन्धित वडा कार्यालयमा गर्ने ।

निर्णय नं.०८

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति विना सामाजिक सुरक्षा भत्ता हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था भएकाले आ.व. २०७६/०७७ बाट गाउँपालिकामा अनिवार्य रुपमा लागू हुने गरी बैंक मार्फत भत्ता वितरण गर्ने व्यवस्था गर्ने ।

निर्णय नं.०९

आर्थिक वर्ष २०७६/०७७ मा विनियोजन भएको सवारी खरिद सम्वन्धी खर्च शिर्षकबाट व्ययभार हुने गरी गाउँकार्यपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयमा आवश्यक पर्ने सवारी साधन सार्वजनिक खरिद ऐन,२०६३ तथा ऐ.नियमावली,२०६४ को प्रकृया पूरा गरी खरिद गर्ने ।

निर्णय नं.१०

सार्वजनिक खरिद नियमावली,२०६४को नियम १४८ बमोजिम गठित म्याग्दी जिल्लाको दररेट निर्धारण समितिले आर्थिक वर्ष २०७६।०७७ का लागि स्वीकृत गरेको जिल्ला दररेटलाई स्थानीय सरकार संचालन ऐन,२०७४को दफा १३ वमोजिम गाउँपालिकाको क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,ज्याला,भाडा तथा महसुलको स्थानीय दररेट कायम हुने गरी स्वीकृत गर्ने ।

निर्णय नं.११

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(२) न वमोजिम रघुगंगा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना यथाशिघ्र तर्जुमा गर्ने ।

निर्णय नं.१२

शहरी विकास तथा भवन कार्यालय,बागलुङको पत्र संख्या:२०७६।०७७ चलानी नं.१४ मिति २०७६।०४।१२ गतेको बहुउद्देश्यीय सभाहल निर्माण सम्वन्धि पत्र वैठकमा पेश भै छलफल भयो । सो विषयमा यथाशिघ्र आवश्यक जग्गाको व्यवस्थापन गरी बहुउद्देश्यीय सभाहल निर्माण सम्वन्धी कार्यविधि,२०७५ वमोजिम आवश्यक प्रकृया अगाडि बढाउने ।

निर्णय नं.१३

गाउँसभाबाट स्वीकृत भएको आर्थिक वर्ष २०७६।०७७को योजना तथा कार्यक्रम वडागत सार्वजनिकीकरण गर्ने । साथै सवै वडामा कर सम्वन्धी अनुशिक्षण गर्ने ।

निर्णय नं.१४

गाउँसभाबाट स्वीकृत भएको आर्थिक वर्ष २०७६।०७७ को योजना तथा कार्यक्रमको कार्यान्वयन यथाशिघ्र कार्यान्वयन गर्ने । साथै श्रावण महिना भित्र सवै वडाबाट कम्तिमा एक।एक योजना सम्झौता गरी कार्यान्वयन गर्ने ।

निर्णय नं.१५

रघुगंगा गाउँपालिका अन्तर्गत शिक्षा सम्वन्धि शसर्त अनुदानका रुपमा वडा नं.०५ झीमा क्रमागत योजना संचालनमा रहेको महेन्द्र माविको चार कोठे भवन निर्माण कार्य पूर्ण रुपमा सम्पन्न नभएकाले मिति २०७६।०३।३१ गते सम्वन्धित विद्यालयको खातामा रकम जम्मा गरी खाता रोक्का हुने गरी भएको निर्णयलाई अनुमोदन गर्ने । साथै प्राविधिक प्रतिवेदन सहित आवश्यक कागजात प्राप्त हुन आएमा खाता फुकुवा गर्ने ।

निर्णय नं.१६

गाउँसभाबाट स्वीकृत भएको आर्थिक वर्ष २०७६।०७७ को पूंजिगत प्रकृतिका योजना तथा कार्यक्रमको क्रमश;मर्मत संभार कोष तथा कन्टेनजेन्सी तीन र दुई प्रतिशत कट्टी गरी कार्यान्वयन गर्ने ।

निर्णय नं.१७

गाउँपालिका क्षेत्र भित्रका ढुंगा,गिट्टी,वालुवा लगातयका नदीजन्य पदार्थको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गरी आन्तरिक आय ठेक्का वन्दोवस्त गर्न नयाँ ठाउँहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने ।

निर्णय नं.१८

यस गाउँपालिका अन्तर्गत रहेका करार प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको श्रावण महिना देखि लागूहुने गरी तीन महिना करार म्याद थप गर्ने । साथै प्राविधिक करार कर्मचारी तर्फका कृषि तथा पशु सेवा तर्फका एक गाउँ एक प्राविधिक,सूचना प्रविधि अधिकृत तथा ईन्जिनियर र सवईन्जिनियरहरुको प्रचलित नेपाल सरकारले निर्धारण गरेको तलवमानमा नवढ्ने गरी करार म्याद थप गर्ने । साथै स्वास्थ्य तर्फ पाखापानी स्वास्थ्य चौकीमा स्वीपर श्री तिल कुमारी चोचाङगे तथा झी वर्थिङ सेन्टरमा कार्यरत अनमी श्री सुष्मा पाईजा लाई मासिक ज्यालादारीमा रु वीस हजार रुपैंयामा कामकाज गर्न लगाउने । साथै वडा न.०३ को वडा कार्यालयमा प्रशासनिक कार्य गर्न जनशक्तिको अभाव रहेकाले भाद्र १ गते देखि लागू हुने गरी कम्प्यूटरमा सक्षम नागरिकलाई सम्वन्धित वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिकाको कार्यालयले दैनिक रु ५०० मा ज्यालादारीमा असोज मसान्त सम्मका लागि नियुक्ति गर्ने । माथि उल्लेखित वाहेकका करार कर्मचारीहरु पारिश्रमिकमा साविककै सेवा र शर्त वमोजिम करार म्याद थप गर्ने ।

निर्णय नं.१९

गाउँपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणमा व्यापक सुधार गरी राज्यबाट आधारभूत स्वास्थ्य सेवा पाउने नागरिकको संवैधानिक हकलाई स्थानीय तहबाटै सम्वोधन गर्न आर्थिक वर्ष २०७६।०७७ मा संचालन गर्ने गरी स्थापना गरिने सामुदायिक स्वास्थ्य ईकाइहरुको अविलम्व संचालनका लागि आवश्यक व्यवस्थापन गर्ने । सो संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि समेत पारित गर्ने ।

निर्णय नं.२०

रघुगंगा गाउँपालिकाको "रघुगंगा छोरी पेवा बचत कार्यक्रम संचालन कार्यविधि,२०७६" पारित गर्ने ।उक्त कार्यक्रम संचालन गर्न अर्को व्यवस्था नभएसम्मका लागि समपूरक कोषबाट व्यहोर्ने ।

निर्णय नं.२१

रघुगंगा गाउँपालिकाको "सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि,२०७६" पारित गर्ने । साथै उक्त कार्यक्रम कार्यान्वयन गर्न अर्को व्यवस्था नभएसम्मका लागि समपूरक कोषबाट व्यहोर्ने । यो आर्थिक वर्षको मौवाफाँटको चुहिनेपानी कुनौटा सामुदायिक वन उपभोक्ता समिति संग साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्न वन उपभोक्ता समिति र गाउँपालिकाले एक ।एक लाख वजेटको व्यवस्था गर्ने ।